नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६, संख्याः ३८, चैत्र २८ गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

### सिद्धलेक गाउँपालिकाको विज्ञापन (नियमन तथा ब्यबस्थापन गर्ने) कार्यविधि,२०७९

गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।१२।२७

.**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) तथा विज्ञापन ( नियमन गर्ने ) ऐन २०७६ को दफा ४ को उपदफा ५ (झ) , तथा दफा ४ को उपदफा ६ ले दिएको अधिकार, तथा सिद्धलेक गाउँपालिका बाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ६७ ले दिएको अधिकार अर्न्तगत पारित सिद्धलेक गाउँपालिकाको विज्ञापन कर (नियमन तथा ब्यबस्थापन गर्ने) कार्यविधि २०७९, सिद्धलेक गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** १) यस कार्यविधिको नाम सिद्धलेक गाउँपालिकाको विज्ञापन ( नियमन तथा ब्यबस्थापन गर्ने ) कार्यविधि २०७९ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” सिद्धलेक गाउपालिका सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष” भन्नाले सिद्धलेक गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग) “उपाध्यक्ष” भन्नाले सिद्धलेक गाउँपालिाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिम सिद्धलेक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(च) “गाउँसभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

(छ) ”ऐन” भन्नाले, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विज्ञापन ( नियमन गर्ने ) ऐन २०७६ तथा सिद्धलेक गाउँपालिाको वार्षिक आर्थिक ऐन समेतलाई जनाउँछ ।

(ज) “वडा” भन्नाले सिद्धलेक गाउँपालिकाको सबै वडा सम्झनु पर्छ ।

(झ) “वडा अध्यक्ष” भन्नाले सिद्धलेक गाउँपालिकाका सवै वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ञ) “सदस्य” भन्नाले सिद्धलेक गाउँपालिकाका वडा सदस्य सम्झनु पर्दछ ।

(ट) “वडा समिति” भन्नाले सिद्धलेक गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ठ) “विज्ञापन” भन्नाले कुनै वस्तु सेवा कार्यक्रम वा अवसरको वारेमा छापा, विधुतिय माध्यम, अनलाईन, सामाजिक सञ्जाल, होडिङ्ग वोर्ड, बेलुन, वा कुनै संरचना लगाएतका माध्यमवाट सार्वजनिक रुपमा प्रचार प्रसार गरिएको वा प्रचार प्रसार गर्ने उद्धेश्यले तयार गरिएको शब्द, वाक्य, चित्र , तस्विर,संकेत पोष्टर पर्चा , प्रकाश, चिन्ह संरचना वा जुनसुकै किसिमको श्रव्यदृश्य सम्झनु पर्छ ।

(ड) “होडिङ्ग वोर्ड” भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो शब्दले डिजिटल डिस्प्ले चलचित्र वोर्ड, एलसिडि वोर्ड, लिड वोर्ड, रोलर वोर्ड, ग्लोवोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले, वा यस्तै अन्य प्रविधि वा प्रकारका वाह्य विज्ञापनको साधन लाई समेत जनाउँछ ।

(ढ) “विज्ञापन दाता भन्नाले” भन्नाले आफ्नो पक्ष वाट विज्ञापन प्रकाशन प्रसारण गर्न वा विज्ञापन राख्न लगाउने वा विज्ञापन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ण) “विज्ञापन ऐजेन्सी” भन्नाले विज्ञापन सम्बन्धी सामाग्री उत्पादन, वितरण वा विज्ञापन सम्बन्धी व्यवसाय गर्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएका फर्म संस्था वा कम्पनी  सम्झनु पर्दछ ।

(त) “अनुसूचि भन्नाले'' यस कार्यविधिको अनुसूचि लाई जनाउँछ

(थ) “अनुगमन तथा नियमन समिति  भन्नाले ''  तोकिएको  अनुगमन मुल्याङ्कन समिति लाई जनाउँछ ।

(द) “प्रतिवद्धता भन्नाले '' अनुमति लिनु अगाडी अनुमति लिनेले गर्ने प्रतिवद्धता लाई जनाउँछ ।

(ध) “विज्ञापन कर राजश्व भन्नाले'' सार्वजनिक स्थल वाट देखिने गरी होडिङ्ग वोर्ड राखी विज्ञापन गर्न चाहने व्यक्ति वा संस्था लाई अनुमति दिदा लिईने अनुमति दस्तुर तथा  वोर्ड राखे वापतको करलाई जनाउँछ ।

## परिच्छेद-२

## विज्ञापन सम्बन्धी व्यवस्था

**३. विज्ञापन गर्न सकिने :** कसैले आफुले विकी वितरण गर्ने वस्तु वा गुण वा विशेषता समेत उल्लेख गरी त्यस्ता वस्तु वा सेवाको प्रवर्द्धन गर्न वा उपभोक्ता समक्ष वस्तु वा सेवाको छनौटको जानकारी पुऱ्याउन वा आफुले आयोजना गरेको कुनै कार्यक्रम वा अवसरको वारेमा जानकारी दिन वा सार्वजनिक हितको  लागि कुनै विषयमा जानकारी गराउन यस कार्यविधिको अधिनमा रहि विज्ञापन गर्न वा गराउन सक्नेछ ।

**४. विज्ञापन गर्न नहुने** : (१)  प्रचलित कानून मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएका विषयमा विज्ञापन गर्न पाईने छैनः

(क) प्रचलित नेपाल कानूनले उत्पादन, विकी, वितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेका कुनै वस्तु, पदार्थ वा सेवाको उत्पादन, विकि वितरण उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा ।

(ख) जुवा खेल्न, खेलाउन वा प्रचलित कानून बमोजिम अनुमति नलिएको चिट्ठा किन्न किनाउन प्रोत्साहन गर्ने विषयमा ।

(ग) प्रचलित कानून बमोजिम अश्लिल मानिने विषय वा तत्सम्बन्धी अन्य विषयवस्तु वा सेवाको उपयोग वा प्रयोग गर्न वा प्रबर्द्धन गर्न प्रोत्साहन गर्ने विषयमा ।

(घ) हतियार वा विस्फोटक पदार्थ वा नेपालको सुरक्षा तथा स्थानीय सुरक्षा शान्ति र व्यवस्थामा खतरा उत्पन्न गर्न सक्ने अन्य यस्तै वस्तु वा पदार्थको उत्पादन विकी वितरण उपयोग र प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा ।

(ङ) चिकित्सकको सिफारिसमा मात्र बिकी गरिने औषधिहरुको विषयमा ।

(च) नेपालमा बिकी वितरण तथा प्रयोगको लागि प्रचलित कानून बमोजिम अनुमति लिनुपर्नेमा त्यस्तो अनुमति प्राप्त भई नसकेको सेवा वा वस्तुको विषयमा ।

(छ) प्रचलित कानून तथा नेपाल सरकारको निर्णय तथा गाउँपालिकाको निर्णयले निषेध गरेका विषयमा ।

(ज) विद्यालय तथा विश्व विद्यालयको पाठ्यपुस्तकमा, तर शैक्षिक जानकारी दिने विषय उल्लेख गर्न बाधा पर्ने छैन ।

(झ) अन्ध विश्वास तथा जातिय विभेद लाई प्रोत्साहन हुने विषयमा ,

(ञ) विज्ञापन ( नियमन गर्ने ) ऐन २०७६ को दफा ५ को उपदफा २ र ३ का सवै विषयहरु ।

## परिच्छेद-३

## अनुमति सम्बधी व्यवस्था

**५. होडिङ्ग वोर्ड वाट विज्ञापन गर्न अनुमति लिनुपर्ने :** (१) सार्वजनिक स्थल वाट देखिने गरी होडिङ्ग वोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहाने व्यक्ति वा संस्था ले यस कार्यविधि लागू भए संगै गाउँपालिका वाट तोकिए बमोजिम अनुमति लिन‌ु पर्नेछ ।

(२) उपदफा १ मा जुनसुकै विषय लेखिएको भएता पनि यो कार्यविधि स्वीकृत भए पश्चात कार्यलयले १ पटकको लागि सवै लाई अनुसूचि १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी अनुमति लिनको लागि आव्हान गर्ने, सो समय पश्चात जुनसुकै समयमा पनि अनुमति माग भएमा सवै विवरण र स्थलगत निरीक्षण गरी अनुमति दिन सकिने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि आफ्नो पेशा वा व्यवसाय गर्ने घर वा कार्यलयको परिसर भित्र सार्वजनिक सडक, वा जग्गामा वाधा नपर्ने गरी सर्वसाधरण को सुरक्षामा असर नपर्ने गरी आफ्नो पेशा वा व्यवसाय सम्बन्धमा यस कार्यविधि को प्रतिकूल नहुने गरी तोकिएको आकारमा नवढ्ने गरी होडिङ वोर्ड राखी विज्ञापन गर्न वाधा पर्नेछैन ।

(४) उपदफा (१) वा (२) बमोजिम अनुमति लिने व्यक्ति वा संस्था ले अनुमति को लागि निवदेन दिंदा निम्न अनुसार को सवै कागजात समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(क) जग्गाधनि प्रामाण पुर्जाको प्रतिलिपि,

(ख) जग्गाधनिको नागरिकताको प्रतिलिपि,

(ग) जग्गाको ब्लुप्रिन्ट नक्शाको प्रतिलिपि,

(घ) जग्गा संगै जोडिएका जग्गाधनि छिमेकिको सहमती

(ङ) सडकको राईट अफ वे मापदण्ड भित्र नपर्ने आधार तथा प्रमाण ।

(च) धार्मिक क्षेत्र भएमा सो लाई कुनै असर नपर्ने स्वःघोषणा ।

(छ) घरको हकमा घर कायम तथा घर नक्शापास तथा सम्पन्न प्रमाण पत्र ।

(ज), जग्गा वा घरधनि वाहेक अन्य व्यक्ति वा सस्था भएमा धनि संग व्यहोरा खुलाई भएको वहाल सम्झौता पत्र

(५) उपदफा ४ बमोजिम अनुमतिको लागि निवेदन प्राप्त भए संगै गाउँपालिकाले फिल्ड अध्ययन गरी आवश्यक जांचवुझ पश्चात होडिङ्गवोर्ड मार्फत विज्ञापन अनुमति दिन मनासिव देखेमा तपशिल बमोजिमको राजश्व तथा वहालकर लिई अनुमति दिनेछ । यसरी अनुमति प्राप्त व्यक्ति वा संस्थाले अनुमति पत्रमा उल्लेखित अवधि समाप्त भएपछि प्रत्येक वर्ष तपशिल बमोजिमको नविकरण दस्तुर तिरी नविकरण गर्ने वा नविकरण नगरेमा त्यस्तो होडिङ्ग वोर्ड स्वतः हटाउनु पर्नेछ । यो कार्यविधि लागू हुनु पूर्व अनुमति नलिई होडिङ्गवोर्ड राखेका व्यक्ति वा सस्थाले पनि गाउँपालिकाले प्रकाशन गरेको १५ दिने सूचना को समय भित्र निवेदन दिई अनुमति लिनुपर्ने छ । गाउँपालिाका वाट अनुमति लिएका र कार्यविधि बन्नु अघि नलिएका सवैले गाउँपालिकाले विज्ञापन कर ठेक्का लगाएको रहेछ भने सम्बन्धित ठेकेदारलाई र नलगाएको रहेछ भने गाउँपालिकामा नै आर्थिक ऐनमा तोएिक बमोजिमको दरमा विज्ञापन कर प्रत्येक आर्थिक वर्षमा तिर्नुपर्ने छ । यसरी विज्ञापन कर तिर्दा गाउँपालिकाले लिने विज्ञापन करको हकमा ठेकेदार तथा विज्ञापन गर्ने व्यक्ति वा सस्था लाई एकै पटक कर तिरेमा १०% सम्म छुट दिन सकिनेछ भने ठेक्का सम्झौता भई ठेकेदारले असुल गर्ने विज्ञापन करको हकमा सम्झौतामा उल्लेख भएमा सोही बमोजिम नभएको हकमा भने निजको स्वविवेक अनुसार हुनेछ ।

तपशिल

५.१ ५० स्क्वायर फिट सम्मको व्यक्ति लागि अनुमति दस्तुर रु १५००।०

५.२ ५१ देखी २०० स्क्वायर फिट सम्मको लागि अनुमति दस्तुर रु २०००।०

५.३ २०१ स्क्वायर फिट भन्दा माथिको लागि अनुमति दस्तुर रु ३०००।०

५.४ ५०० स्क्वायर फिट सम्मको लागि नविकरण दस्तुर रु १०००।०

५.५ ५०१ देखी २००० स्क्वायर फिट सम्मको लागि नविकरण दस्तुर रु १५००।०

५.६ २००१ स्क्वायर फिट भन्दा माथीको लागि नविकरण दस्तुर रु २०००।०

५.७ वहालकर सम्झौता अनुसार वार्षिक १०% स्वयम जग्गा, घर तथा सम्पत्तिको धनिले ।

## परिच्छेद-४

## अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था

६. **अनुगमन सम्बधी व्यवस्था :**गाउँपालिकावाट अनुमति प्राप्त गरी होडिङ्ग वोर्ड वा प्रचलित कानून बमोजिम गाउँपालिका स्तरमा सञ्चालन भएका छापा वा विधुतिय सञ्चार माध्यम वाट हुने वा भएका विज्ञापन मा यस कार्यविधि तथा विज्ञापन (नियमन गर्ने ) ऐन २०७६ को मापदण्ड पुरा गरे नगरेको विषयको अनुगमन गर्नको लागि देहाए बमोजिमको अनुगमन समिति रहनेछ ।

(क) उपाध्यक्ष :– संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत :– सदस्य

(ग) लेखा प्रमुख :– सदस्य

(घ) अमिन :– सदस्य

(ङ) घर नक्शा शाखा प्रमुख प्राविधिक :– सदस्य

(च) राजश्व शाखा प्रमुख :– सदस्य सचिव

७. **अनुगमन समितिको काम कर्तब्य** :– यस कार्यविधि मा भएको व्यवस्था तथा विज्ञापन( नियमन गर्ने) ऐन २०७६ को दफा २४ मा भएको व्यवस्था समेतका आधारमा विज्ञापन दाता विज्ञापन ऐजेन्सी, अनुमति प्राप्त गर्ने व्यक्ति तथा सस्था र राजश्व ठेक्का सम्बन्धमा ठेकेदार का सम्झौताका शर्तको पालना लगायत विषयको स्थलगत अनुगमन गर्ने, राजश्व परामर्श समिति लाई प्रर्तिवेदन दिने आदि ।

## परिच्छेद-५

## कसुर, दण्डसजाय, सम्पतिको सुरक्षा, र दुर्घटना सम्बन्धी व्यवस्था

**८. कसुर र सजाय** :– (१) कसैले यस कार्यविधिमा भएको व्यवस्था तथा विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २५ मा भएको व्यवस्था विपरित विज्ञापन गरेमा यस कार्यविधि तथा विज्ञापन ( नियमन गर्ने) ऐन २०७६ बमोजिम कसुर गरेको मानिने र सोही दफा बमोजिम कारवाही गरिने छ ।

(२) उपदफा (१) मा उल्लेख भएका विषयको को अतिरिक्त गाउँपालिकाको आर्थिक ऐन अनुसार तोके बमोजिम को विज्ञापन कर गाउँपालिका तथा सम्बन्धित गाउँपालिका संग भएको सम्झौता अनुसार अधिकार प्राप्त ठेकेदारलाई नतिर्ने, मापदण्ड विपरित होडिङ्ग वोर्ड राख्ने, विज्ञापन गर्ने, तथा अनुमति पत्र नलिई होडिङ्ग वोर्ड राख्ने तथा विज्ञापन गर्ने गरेको पाइएमा गाउँपालिकले यथाशिघ्र अनुमति लिन तथा कर तिर्नको लागि १५ दिने स्थानीय, राष्ट्रिय दैनिक प्रत्रिका र वेभसाईट मार्फत सूचना प्रकाशन गर्नेछ । यसरी सूचना प्रकाशन गर्दा पनि सो समय भित्र कर नतिरेमा, अनुमति नलिएमा अटेरी गरेमा त्यस्ता होडिङ्ग वोर्डहरु गाउँपालिकाले प्रहरी तथा प्रशासन को सहयोग लिई हटाउनेछ र हटाउंदा लाग्ने खर्च समेत सम्बन्धित वाट सरकारी वाँकि सरह असुल उपर गरिनेछ । यस्तो परिस्थितिमा हटाउंदा होडिङ्ग वोर्ड तथा विज्ञापन सामाग्री नस्ट भएमा सोको जिम्मेवारी गाउँपालिका हुनेछैन साथै सो को क्षतिपूर्ति र कुनै पनि किसिमको दावी गाउँपालिकामा गर्न पाईने छैन । यसरी हटाउंदा प्राप्त हुने सामग्रीहरु प्रचलित कानन् बमोजिम गाउँपालिले लिलाम विकी गर्नेछ ।

(३) उपदफा (१) र (२) मा उल्लेख भएका विषय को अतिरिक्त अनुमति लिई सञ्चालन मा रहेका तथा कार्यविधि बन्नु अगाडी अनुमति नलिई सञ्चालनमा रहेका होडिङ्ग वोर्ड तथा विज्ञापन सामाग्री का कारणवाट कुनै किसिमको दुर्घटना भएमा उक्त घटना तथा दुर्घटना वाट कसैलाई क्षति तथा नोक्सानी पुगेको रहेछ भने सो को क्षतिपुर्ति अनुमति पत्र लिने तथा सञ्चालक सरोकार व्यक्ति वा संस्थालेनै व्यहोर्नु पर्नेछ ।

(४)उपदफा (१),(२) र (३) मा उल्लेख भएका विषयको अतिरिक्त अनुमति लिने विज्ञापनकर्ता तथा होडिङ्ग वोर्ड राख्ने सरोकार व्यक्ति वा संस्थाको विज्ञापन संग सम्बन्धित सवै सम्पत्ति को सुरक्षा तथा संरक्षण गर्ने दायित्व स्वयम व्यक्ति वा संस्थाको नै हुनेछ । सो सम्बन्धमा गाउँपालिले तत्काल श्रृजना भएका विवादका विषयमा सहजीकरण गर्ने वाहेक कुनै दायित्व व्यहोर्ने छैन ।

## परिच्छेद-६

## विविध व्यवस्था

९, **समन्वय सम्बन्धी व्यवस्था** :–यो कार्यविधि स्वीकृत संगै लागु भए पछि कार्यन्वयन चरणमा कुनै दुविधा तथा अस्पष्ट भएमा, विवाद श्रृर्जना भएमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा प्रमुख र राजश्व शाखा प्रमुख सहितको समन्वय समिति रहनेछ । सो समिति र राजश्व परामर्श समितिको सिफारिस अनुसार कार्यपालिकाको निर्णय अनुसार समस्या समाधान गरिनेछ ।

१०. **उजुरी गर्न सक्ने** : यस कार्यविधिले व्यवस्था गरेको विषय तथा विज्ञापन (नियमन गर्ने ) ऐन २०७६ ले व्यवस्था गरेको विषय विपरित कसैले विज्ञापन गरेको पाइएमा गाउँपालिकामा उजुरी दिन सक्ने र

यसरी उजुरी प्राप्त भए सगै विज्ञापन (नियमन गर्ने ) ऐन २०७६ को दफा २७,२८,२९,३०, ३१ र यस कार्यविधि मा भएका व्यवस्थाका आधारमा आवश्यक कारवाही गरिनेछ।

**११. विशेष व्यवस्था** : यस कार्यविधिले व्यवस्था गरेको विषय कार्यन्वयन गर्नु सरोकार सवै तथा वडा र सम्बन्धित सवैको कर्तव्य हुनेछ। यो कार्यविधिको व्यवस्था प्रतिकूल हुने गरी कार्यन्वयन गरिने छैन

**१२, कार्यविधि लागू :** १) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**१३, कार्यविधिमा परिर्माजन तथा संशोधन :** यस कार्यविधिको कार्यन्वयन मा कुनै वाधा अवरोध तथा समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन संशोधन गर्न सक्नेछ।

**१४, खारेजी :** यस कार्यविधिका कुनै दफा, उपदफा, लगायत सवै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश काननू र संघिय कानून र अन्य कुनै कानून विपरित भएमा, वाझिएमा वा न्यायिक आदेश वाट अमान्य भएमा, वाझिएको हद सम्म वा आदेश भए अनुसार अमान्य हुनेछ।

सिद्धलेक गाउँपालिका

अनुसूची - १

( दफा ५ को २ सग सम्बन्धित )

विज्ञापन कर अनुमति सम्बन्धी सूचनाको ढाँचा

सिद्धलेक गाउँपालिकाको विज्ञापन कर अनुमति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०....।   ।

यस कार्यालयवाट स्वीकृत  कार्यविधि अनुसार सार्वजनिक स्थल वाट देखिने गरी होडिङ्ग वोर्ड राख्न तथा त्यसमा विज्ञापन गर्न चाहने व्यक्ति तथा संस्थाले कार्यविधि को दफा ५ को २ को परिधि भित्र रही निवेदन पेश गर्ने गरी यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्धवारा सूचित गरिन्छ।

१.अनुसूची २ अनुसारको आवेदन फाराम

२.अनुसूची ३ अनुसारको प्रतिवद्धता पत्र

३. जग्गाधनि प्रमाणपुर्जा को प्रतिलिपि,

४. जग्गाधनिको नागरिकता को प्रतिलिपि,

५. जग्गाको ब्लुप्रिन्ट नक्शाको प्रतिलिपि,

६. जग्गासंगै जोडिएका जग्गाधनि छिमेकीको सहमती

७. सडकको राईट अफ वे मापदण्ड भित्र नपर्ने आधार तथा प्रमाण।

८. धार्मिक क्षेत्रलाई कुनै असर नपर्ने स्वःघोषणा।

९. घरको हकमा घर कायम तथा नक्शा स्वीकृत तथा सम्पन्न कागजात।

१०. जग्गा वा घरधनि वाहेक अन्य व्यक्ति वा संस्था भएमा धनिसंग व्यहोरा खुलाई भएको वहाल सम्झौता

११.कार्यविधि सिद्धलेक गाउँपालिकाको वेवसाईट :मा हेर्न सकिनेछ।

१२.थप जानकारीका व्यक्तिलागि सम्पर्कः

नोट : यस सूचनामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानून र गाँउ कार्यपालिकको निर्णय वमोजिम हुनेछ।

सिद्धलेक गाउँपालिका

अनुसूची - २

( कार्यविधि को दफा ५ को ४ सग सम्बन्धित)

विज्ञापन अनुमतिको लागि दिईने आवेदन पत्रको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
सिद्धलेक गाउँ कार्यपालिकाको कार्यालय
बुङचङ धादिङ

विषय : विज्ञापन अनुमति पाउं भन्नेवारे ।

महोदय,
म ........................................ को हकभोग भित्र रहेको तपशिल बमोजिमको जग्गामा विज्ञापन होडिङ वोर्ड राख्नको लागि अनुमति दिनुहुन दफा ५ अनुसार तपशिल बमोजिमका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको व्यहोरा समेत अनुरोध गर्दछु / गर्दछौ ।

तपशिल :

१ जग्गाधनि प्रमाण पुर्जा को प्रतिलिपि,

२ जग्गाधनिको नागरिकता को प्रतिलिपि,

३ जग्गाको ब्लुप्रिन्ट नक्शाको प्रतिलिपि,

४, जग्गा संगै जोडिएका जग्गाधनि छिमेकीको सहमती

५, सडकको राईट अफ वे मापदण्ड भित्र नपर्ने आधार तथा प्रमाण ।

६ धार्मिक क्षेत्रलाई कुनै असर नपर्ने स्वःघोषणा ।

७, घरको हकमा घर कायम तथा नक्शा स्वकिृति तथा सम्पन्न कागजात ।

८, जग्गा वा घरधनि वाहेक अन्य व्यक्ति भएमा धनि सग व्यहोरा खुलाई भएको वहाल सम्झौता ।

निवेदक
नाम :
दस्तखतः
ठेगाना :
सग्लग्न सख्याः

सिद्धलेक गाउँपालिका

अनुसुचि ३
प्रतिवद्धता पत्र

१, अनुमति मागकर्ता को नाम : सम्पर्क नम्वर :

२, ठेगाना : वडा नं. .......... टोल : ..............................

३, होडिङ्ग वोर्ड राख्ने तथा विज्ञापन गरिने स्थान तथा विवरण :

| क्र.स. | विज्ञापन गर्ने स्थान तथा ठेगना | घर तथा जग्गा को कित्ता नं. तथा घर नं. | आफ्नै वा वहाल सम्झौता | सवै कागजात पुरा गरे नगरेको विवाद भए नभएको |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४. अनुमति नलिई तथा नविकरण नगरी विज्ञापन गर्ने छैन ।

५. कार्यलयले तोकेको राजश्व कार्यलयमा नै वा ठेक्का लगाएको हकमा ठेकेदार लाई नै समयमा तिर्नेछु ।

६, .विज्ञापन (नियमन गर्ने) ऐन २०७६ तथा सिद्धलेक गाउँपालिकाको विज्ञापन नियमन तथा व्यबस्थापन कार्यविधि,२०७९ पुर्ण पालना गर्नेछु ।

७,.व्यवसायिक आचरण पालना गर्नेछु, कसैको पनि सम्पत्तिमा आँच तथा क्षति पुऱ्याउने छैन ।

८,. म र मेरा कारण वाट कसैको सम्पत्तिमा क्षति पुगेमा क्षतिपूर्ति तिर्नेछु ।

९, आफ्नो सम्पत्तिको सुरक्षा आफैं गर्नेछु कार्यालयलाई कुने पनि दायित्व तथा भारको दवाव दिने छैन ।

प्रर्तिवद्धता गर्नेको नाम: संस्थाको छाप :

दस्तखत : मिति :

सिद्धलेक गाउँपालिका

अनुसूची-४

## विज्ञापन अनुमतिको लागि माग भएको निवेदन उपर अपनाईने मुल्यांकनका आधारहरु :

| क्र.स. | द.नं. | आवेदक व्यक्ति संस्था तथा समुह को नाम | ठेगाना | विवरण तथा कागजात अङ्क (३०) | प्रर्तिवद्धता अङ्क (१३) | कुनै वाधा अवरोध नरहेको अङ्क (२०) | फिल्ड अध्ययन गर्दा उपयुक्त देखिएको अङ्क (२०) | जग्गा तथा घरधनि आफै अङ्क (१०) | घर तथा जग्गा धनि वाहेक वहाल सम्फौता गर्ने पक्ष अङ्क (७) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :

नाम थर :
पद : उपाध्यक्ष
दस्तखत :
मिति :

नाम थर :
पद : प्रमुख प्रशासकीय अधिकृत
दस्तखत :
मिति :

नामथरः–
पद लेखा प्रमुख
दस्तखत :–
मिति :–

नाम थर :
पद : राजश्व शाखा प्रमुख
दस्तखत :
मिति :

नाम थर :
पद : घरनक्शा शाखा प्रमुख
दस्तखत :
मिति :

नामथर :–
पद :– अमिन
दस्तखत :–
मिति :–

**अनुसूची ५**

**विज्ञापन अनुमति प्रमाण पत्रको ढाँचा**

श्री सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचङ धादिङ

फोटो

विज्ञापन अनुमति प्रमाण पत्र

सिद्धलेक गाउँपालिकाको विज्ञापन ( नियमन तथा व्यबस्थापन गर्ने) कार्यविधि २०७९ को अधिनमा रही कार्यविधिका सवै शर्तहरु पुर्णरुपमा लागू तथा पालना गर्नेगरी तपाई .......................जिल्ला............................सम्बन्धित / नगरपालिका वडा नं. ... निवासी श्री .............................................. लाई तपाईको हकभोगमा रहेको सिद्धलेक गाउँपलिका वडा न. को कित्ता न. ...... को जग्गा/ घर ) मा विज्ञापन प्रकाशन , प्रसारण गर्न वा विज्ञापन राख्ने गरी यो अनुमति प्रमाणपत्र प्रदान गरिएको छ ।
अनुमति प्रदान को शुरु मितिः ............ समाप्त मिति

विज्ञापन गर्न सकिने र नसकिने विषयहरु :– कार्यविधि मा उल्लेख भए बमोजिम सवै पालना गर्ने ।
यो अनुमति १ आर्थिक वर्षको लागि हुने भएको हुंदा वार्षिक रुपमा नविकरण गर्नु पर्नेछ ।
कार्यविधि को अनुसूचि ३ बमोजिम को प्रतिवद्धता तथा कार्यविधि मा उल्लेखित प्रावधान उल्लघन भएमा यो अनुमति पत्र जुनसुकै वेला पनि खारेज हुनेछ ।
सम्पति विकी तथा हक हस्तान्तरण भएको अवस्थामा नया हकदारले पुनः अनुमति लिनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत
सिद्धलेक गाउँपालिका
बुङचङ धादिङ

सिद्धलेक गाउँपालिका